धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या ८/०७९/०८०

आज मिति २०७९ साल पुष ११ गते, सोमबार दिनको २.०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसियो।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| | [illegible] | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धरान उपमहानगरपालिका | |

[illegible]/०९/११ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा:–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा सचिव सहित जम्मा ३१ जना सदस्य रहेकोमा आजको बैठकमा सबै सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा :–**

यस अघि मिति २०७९ असोज १३ गते कार्यपालिकाको वैठक वसेको र उक्त वैठकबाट २ वटा निर्णयहरु भएका थिए । उक्त दुवै निर्णयहरु कार्यान्वयन भइसकेको व्यहोरा वैठकलाई जानकारी भयो। सो पश्चयात २०७९/०६/१७, २०७९/०७/२४ र २०७९/०८/२९ गते कार्यपालिकाको वैठक आह्वान गरिएता पनि तिनैवटा वैठक वस्न नसकेको अवस्था रहेको व्यहोरा बैठकमा जानकारी भयो ।

३. **नगर सभाको वैठक आव्हान गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको १२ औं नगर सभाको वैठक मिति २०७९ माघ १५ गते दिनको १ बजे आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. **धरान डे मनाउने सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाले हरेक वर्ष पुष २० गतेलाई विभिन्न कार्यक्रमहरुको आयोजना गरी धरान स्थापना दिवस (धरान डे) मनाउँदै आएकोमा यस वर्षपनि पुष २०, २१ र २२ गते विभिन्न कार्यक्रमहरुको आयोजना गरी धरान डे मनाउने ।उक्त कार्यक्रम भव्यरुपमा सम्पन्न गर्न नगर प्रमुखज्यू संयोजक, उपप्रमुख सह संयोजक र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी सबै वडाध्यक्ष, कार्यपालिका सदस्य, पूर्व नगर प्रमुखज्यूहरु, धरान स्थीत सरकारी, गैर सरकारी, नीजि क्षेत्रका विभिन्न संघ संस्थाका प्रमुखहरु सदस्य रहने गरी एक मूल आयोजक समिति गठन गर्ने साथै उक्त १ दिन धरान क्षेत्रमा सार्वजनिक विदा दिने समेत सर्वसम्मत निर्णय गरियो।

५. **नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गरिएको प्रारम्भिक IEE प्रतिवेदन सम्बन्धमा ।**

यस उपमहानगरपालिका क्षेत्रभित्र पर्ने विभिन्न खोलाहरु (सेउती, सेहरा, अंधेरी, सर्दु र पटनाली) बाट नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रारम्भीक बातावरणीय परीक्षण गर्न छनौट भएका परामर्श दाताबाट नियमानुसार माथि उल्लेखित खोलाहरुको प्रारम्भीक वातावरणीय परीक्षण (Initial Environmental Examination) गरी पेश गरेको प्रतिवेदन नगरपालिकामा गठित प्राविधिक समितिले अध्ययन, छलफल, विश्लेषण र पुनरावलोकन गरी नगरपालिकामा पेश भएको नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्ने सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. **समपुरक अनुदान र विशेष अनुदानका लागि योजना छनौट सम्बन्धमा ।**

आ.व. २०८०/०८१ का लागि संघीय समपुरक अनुदान र विशेष अनुदानका लागि आयोजना तथा कार्यक्रम पेश गर्न २०७९/०८/१९ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार यस उपमहानगरपालिकाका तपसिलका योजनाहरु पेश गरिएकोलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**क. संघीय समपुरक अनुदानका लागि**

| प्राथमिकता क्रम | आयोजनाको विवरण | वडा नं. | लागत अनुमान रु. |
|---|---|---|---|
| १ | स्मार्ट वसपार्क निर्माण, (पुरानो। क्रमागत) | ८ | २४,९७,३६,२३९।१५ |
| २ | सभागृह (थिएटर हल समेत) निर्माण | ८ | १९,८१,९३,७२४।०४ |
| ३ | भन्ज्याङबाट बरभन्ज्याङसम्मको सडक निर्माण | २० | १७,४०,०१,७०९।५५ |

| प्राथमिकता क्रम | आयोजनाको विवरण | वडा नं. | लागत अनुमान रु. |
|---|---|---|---|
| १ | पब्लिक मावि धरान १३ को भवन निर्माण, (पुरानो। क्रमागत) | १३ | ५,६८,६८,११५।६७ |
| २ | सरस्वती मा.वि. भवन निर्माण, | ६ | १०,८४,९४,४००।०० |

७. **बाटोको नामाकरण तथा मापदण्ड सम्बन्धमा ।**

यस उपमहानगरपालिकाका विभिन्न वडाहरुमा नयाँ खुलिएका बाटोहरुको विभिन्न मितिमा नगर प्रमुख स्तरबाट निर्णय भई कायम भएको मापदण्ड र नामाकरणलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । उक्त बाटोहरुको विवरण पछाडी पानामा टाँस गरि प्रमाणित गरिएको छ ।

८. **ल्याव सामाग्रीको दररेट सम्बन्धमा ।**

यस कार्यालयलाई आ.व. २०७९/८० का लागि निर्माण कार्यको प्रयोगशाला स्थापना गर्न आवश्यक सामाग्रीहरुको दररेट आवश्यक भएकाले यस उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ को नियम १५८(१) बमोजिम दररेट निर्धारण समितिबाट सिफारिस भएको निर्माण कार्यको प्रयोगशाला सम्बन्धी दररेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।स्वीकृत दररेट पछाडि टाँसगरी प्रमाणित गरिएको छ ।

९. **करार कर्मचारीको सुविधा सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि २०७८ को परिच्छेद ६ मा दफा १६ पछि दफा १६(क) थप गरी देहाय बमोजिम कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

"१६(क) प्रोत्साहन सुविधा : करार सेवाका कर्मचारीहरुलाई मासिक रु. २०००/- प्रोत्साहन सुविधा दिईनेछ "।

१०. **ईन्जिनियर सुस्मीता घिमिरेको असाधारण विदा सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको अधिकृत छैठौं ईन्जिनियर(अधिकृत छैठौं तहमा कार्यरत) सुस्मिता घिमिरेले २०७९ पौष २१ गते सम्मको असाधारण विदा स्वीकृत गराई अध्ययन गरिरहेकोमा निजबाट हाल जापानमा अध्ययन गरिरहेको र उक्त अध्ययन पुरा गर्न अझ १ वर्ष लाग्ने भएकाले थप १ वर्ष असाधारण विदाका लागि निवेदन पेश गरेकोमा निजको २०८० पौष २१ सम्मको असाधारण विदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. **बहुसांस्कृतिक पार्क निर्माण सम्बन्धमा ।**

धरान उपमहानगरपालिका वडा नं. १७ स्थित ससरंगी पार्क उत्तर पट्टि एन्फा टेक्निकल सेन्टर छेऊमा नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा बहुसाँस्कृतिक पार्क निर्माण गर्न सम्भाव्यता अध्ययन गरि प्रतिवेदन पेश गर्न तपशिल अनुसार समिति गठन गर्ने र समितिले प्रतिवेदन पेश गरे पछि थप निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| संयोजक- | नगर प्रमुख |
| सदस्य- | १५ नं वडाध्यक्ष |
| सदस्य- | १७ नं वडाध्यक्ष |
| सदस्य- | १८ नं वडाध्यक्ष |
| सदस्य- | सावित्रा परियार कार्यपालिका सदस्य |

१२. **विविध**

क. **कृषि क्षेत्र कायम गर्ने सम्बन्धमा ।**

यस उपमहानगरपालिकाको मिति २०७९/०६/१३ गतेको कार्यपालिका वैठकबाट नगर क्षेत्रका कृषि क्षेत्र भनि निर्धारण गरिएको निर्णयमा तपसिलका जग्गा छुट भएकाले सम्बन्धित वडाको सिफारिस अनुसार उक्त जग्गालाई समेत कृषि क्षेत्र कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

ईन्द्रबहादुर दाहाल, हाल धरान-१३, साविक बाझगरा ९ "क" कित्ता नं. ४८ को जग्गा १-८-०

**ख. आर्थिक सहायता सम्बन्धमा ।**

विरामी भई उपचार गर्नका लागि र आर्थिक अवस्था कमजोर भै पेश भएका निवेदनहरु मध्ये तपसिलका व्यक्तिहरुलाई तपसिल अनुसारको आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

- खड्क बहादुर राई, धरान-११, घर मर्मत गर्न सहयोग रु २००००।
- रोशन घिमिरे, नगर प्रहरी जवान, उपचार सहयोग रु १००००.
- सोनाम मगर, नगर प्रहरी जवान, उपचार सहयोग रु १५०००.

**ग. सेवा प्रवाह सम्बन्धमा ।**

वैठकको अन्त्यमा वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरुले स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव भएको, नीजि स्रोतका शिक्षकहरुको तलबमा समस्या भएको र मदन भण्डारी राजमार्ग निर्माण कार्यबाट नागरिकहरुलाई पर्न गएको असरको साथै सेवा प्रवाहका विषयमा देखिएका समस्याका बारेमा वैठकमा आफ्नो धारणा राख्नु भयो ।अन्त्यमा प्रमुखबाट वडाध्यक्ष तथा कार्यपालिकाबाट सदस्यहरुबाट राखिएका धारणाहरुको संबोधन गर्दै वैठकको समापन गर्नुभयो ।

**आजको बैठक दिनको ४:३० वजे समाप्त भयो ।**

**वैठकको निर्णय माईनटगर्ने : गणेश प्रसाद खतिवडा, वरिष्ठ प्रशासकीय अधिकृत**